# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०३/१२**

**छैटौं अधिवेशन**

**(बिसौं वैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको बिसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. एकजना माननीय सदस्यबाट बीचार राख्न म अनुमति दिन्छु ।

माननीय कृष्ण कुमार चौधरी :- माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश सभा गठन भएको आज करिब २ बर्ष ५ महिना ५ दिन करिब भैसक्यो अर्थात ५ बर्षको हिसाब गर्ने हो भने हाम्रो आयु यो सभाको आयु आधा करिव गैसक्यो आधा हामीसँग छ । यो २ बर्ष ढाइ बर्षको बीचमा यो प्रदेश सभाका माननीयज्यूहरुले धेरै राम्रो भूमिका चाहि यहा खेल्नु भएको छ यसको म प्रसंसा गर्न चाहान्छु । सभामुख महोदय तर यो हाम्रो सुदूरपश्चिम प्रदेश सरकार र यो प्रदेश सरकारका मन्त्रीहरुले कुनै पनि एउटा काम राम्रोसँग गर्न सक्नु भएको छैन । चाहे त्यो विगतका मुख्यमन्त्री खेलकुद प्रतियोगिताको सवाल होस, चाहे एम्बुलेन्स खरिदको सवाल होस अन्य सवाल होस शान्ति सुशासन दिने सवाल होस, सुरक्षा दिने सवाल होस यो सबै क्षेत्रमा यो सरकार पूर्ण रुपले असफल भैसकेको सावित भैसकेको छ सभामुख महोदय हामी यहा हेर्छौं सचिवालयको अवस्था लथालिङ छ, विषयगत समितिको अवस्था लथालिङ छ, संसदीय दलहरुको अवस्था लथालिङ छ सभामुख महोदय त्यस कारणले यो सरकार पूर्ण रुपले असफल भैसकेको छ । पछिल्लो समय सभामुख महोदय यो कोरोना रोकथाम नियन्त्रण, क्वारेन्टाइन व्यवस्थापन तथा उपचारको लागि कुनै पनि काम राम्रोसँग गर्न सकेको छैन यो सरकार त्यस कारणले यो सरकार अति कमजोर सरकार हो सभामुख महोदय यो सरकारले गत चैत्र १५ गते निर्णय गर्छ बैतडी र डोटीमा हामी यो पिसिआर मेशिन स्थापना गर्छौं भन्छ यो ३ महिना वितिसक्यो अहिले सम्म स्थापना गर्न सकेको छैन दिन प्रतिदिन सैयौ संख्यामा हाम्रो सुदूरपश्चिम प्रदेशमा संक्रमितहरु बढेकै छन् तर सरकार मौन छ सभामुख महोदय यहासम्म कि किडहरुको व्यवस्था गर्न सक्दैन, भिटियामको अभावले गर्दा दुइ दुइ पल्ट यहि सुदूरपश्चिम प्रदेशमा चाहि श्वाव कलेक्सन गर्न रोकिन्छ यो अवस्थामा पनि सरकार मौन रहन्छ यहा सम्म कि आरडिटी मात्र होइन पिसिआर टेष्ट गरेका विरामीहरुलाइ घरमा, गाउँमा लखेट्ने काम यो स्वंय यो सरकारले गर्दै छ यसको मतलव यो सरकारले स्थानीय तहसम्म आम पब्लिक सम्म यो

फैलियोस भन्ने यो सरकारको रबैया हामी देख्दछौ सभामुख महोदय त्यस कारणले यो यस्तो अवस्था हुदा हुदै पनि यो सरकारले भन्छ हामीले यती खर्च गर्यौं त्रियानब्बे करोडको खर्च आएको छ सभामुख महोदय मेरो प्रश्न हो यो त्रियानब्बे करोड रुपैया कहा खर्च गरेको छ सरकारले कसरी खर्च गरेको छ, के मा खर्च गरेको हो यसको जवाफ सरकारले सदनमा कुनै पनि दादागिरी नगरिकन स्पष्ट ढंगले यहा दिनु पर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय, सभामुख महोदय यो सरकार यो सबै कुरालाई हेर्दा यो सरकार ज्यादै कमजोर देखिन्छ । निरहे छ, लाचार छ यो सरकार कसैसँग मतलव छैन स्वेच्छाचारी ढंगले काम गर्दैछ यो सरकार यो प्रदेश सभाका सदस्यहरुलाई ठग्ने काम गरेको छ यति मात्र होइन योजना बाड्ने क्रममा लुट्ने काम र भ्रष्टाचार बाहेक केहि पनि गर्न सकेको छैन यो सरकार त्यस कारणले यो सरकारको औचित्य अब समाप्त भैसकेको छ सभामुख महोदय, सभामुख महोदय यति मात्र होइन हाम्रो यो सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीज्यूले यही रोष्टममा आएर अब कुनै पनि निर्वाचन क्षेत्र, कुनै पनि माननीयज्यूलाइ अपमान गरिने छैन भन्नु हुन्छ हाम्रो यहि प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीले नेपाली शब्दकोषबाट असन्तुलित शब्द हटाउछु भनेर बोल्नु भएको छ । रिकर्ड भएको छ सभामुख महोदय ७४ देखि ७५ देखि ७६ सम्ममा र यो ७७ मा आइपुग्दा पनि यो सरकार फेरी झुटको खेति गरेको छ । ठगेको छ सभामुख महोदय अनि यो सरकारका बहादुर मन्त्रीले फोन गर्नुहुन्छ बोलाउनु हुन्छ अनि सिलिङ दिनु हुन्छ यो सिलिङ भित्र रहेर सम्बन्धित मन्त्रालयमा गएर तपाई योजना बुझाउनुस भन्नु हुन्छ हामी योजना बुझाउन जान्छौ केहि मन्त्रीका स्वकीय सचिवहरुले हामीलाइ अपमान गर्नुहुन्छ जो सँग सम्झौता भयो जुन मन्त्रीले सम्झौता गर्यो त्यो मन्त्री कहा गएर बुझाइदिनुस भन्छ अनि यो भन्दा लाचार र दादागीरी यो प्रदेशका मन्त्री र मन्त्रीका स्वकीय सचिवहरुको दादागिरी बन्द हुनुपर्छ सभामुख महोदय त्यस कारण सभामुख महोदय यो हाम्रो सुदूरपश्चिम प्रदेशमा यो सबै कुराको क्वारेन्टाईन व्यवस्था, परीक्षणको दायरा बढाउनु पर्छ । यो बढाइएन भने यो त्रियानब्बे करोडको हिसाब किताब जब सम्म यो सदनमा आएदैन तब सम्म यो सदन चल्न कुनै औचित्य छैन सभामुख महोदय, दोस्रो कुरा सरकारले बोलेका कुरालाई जब सम्म सच्याउदैन, जबसम्म करेक्शन हुदैन तब सम्म यो सदन चल्नुको कुनै अर्थ छैन आज पनि यो सदन हामी चल्न दिदैनौ सभामुख महोदय, धन्यवाद ।

३. माननीय सदस्यहरु,

प्रतिपक्षका बीचारहरु बताउनु भो र यो सभाको ध्यानाकर्षण भएको छ । मलाइ लाग्छ सरकारको पनि ध्यानाकर्षण हुनु पर्छ त्यसो भएको हुनाले संसद नचलेर सरकारका बीचारहरु पनि प्रस्तुत हुन पाउदैन अब सरकारले यहाहरुले उठाएका प्रश्नहरुको जवाफ दिनको लागि संसद चल्नै पर्छ । त्यसो भएको हुनाले आजको बैठकलाई अगाडी बढाउनको लागि यहाहरुले सहयोग गर्नुहुने छ र म

माननीय सदस्यहरुलाई आसनग्रहण गर्न अनुरोध गर्दछु ।

४. माननीय सदस्यहरु,

मैले यो कुरा राखे की यहाहरुले उठाउनु भएका प्रश्न संसदमा कुरा उठाउनु भएको छ । त्यसको जवाफ सरकारले संसदमा नै दिन्छ जब संसद नै चलेन भने सरकारले पनि दिन सक्दैन त्यसो भएकोले आजको बैठकलाई अगाडी बढाउन कुरा सुनियो, ध्यानाकर्षण भयो त्यसैले आजको बैठकलाई अगाडी बढाउनको लागि सहयोग गरिदिन हुन म अनुरोध गर्दछु र आजको बैठक शुरु भैसकेपछि अनि सरकारलाई हामी ध्यानाकर्षण गराउने छौ । यहाहरुका जायज प्रश्नको जवाफ दिनको लागि संसदले त्यो बाताबरण मिलाउन सक्छ त्यसो भएको कारण यो बैठकलाई संचालन गर्नको लागि सहयोग गरिदिनु हुन म अनुरोध गर्दछु ।

५. माननीय सदस्यहरू,

आजको बैठकको कारवाही अगाडी बढ्न सकेन अर्को बैठक मिति २०७७ साल आषाढ १४ गते आइतबार दिउसो ३:०० बजे हुने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।